# भाग ५

## नेपाल सरकार
## वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

नेपाल सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ५२ को उपनियम (१) बमोजिम नेपाल भरका सबै जिल्लाहरुमा जिल्ला अनुगमन समिति गठन गरी सोही नियमको उपनियम (२) को खण्ड (ङ) अनुसारको सदस्यमा देहायका जिल्लामा देहायका संस्थाका प्रतिनिधिलाई तोकेको छ :-

(क) देहायका जिल्लामा प्रो पब्लिकसँग आवद्ध प्रो पब्लिकका प्रतिनिधि

१. धनकुटा, २. ओखलढुङ्गा, ३. दोलखा, ४. रामेछाप, ५. पाल्पा, ६. सुर्खेत, ७. दाङ्ग, ८. सिन्धुली, ९. प्यूठान, १०. रसुवा, ११. डोटी, १२. मनाङ्ग, १३. ताप्लेजुङ्ग

(ख) देहायका जिल्लामा राष्ट्रिय उपभोक्ता मञ्चसँग आवद्ध राष्ट्रिय उपभोक्ता मञ्चको प्रतिनिधि

१. ललितपुर, २. इलाम, ३. धादिङ्ग, ४. काभ्रेपलाञ्चोक, ५. सिन्धुपाल्चोक, ६. मकवानपुर, ७. कास्की, ८. स्याङ्गजा, ९. बाग्लुङ्ग, १०. पर्वत, ११. डडेलधुरा, १२. बझाङ्ग, १३. म्याग्दी

(ग) देहायका जिल्लामा उपभोक्ता मञ्च नेपालसँग आवद्ध उपभोक्ता मञ्च नेपालको प्रतिनिधि

१. पाँचथर, २. मुस्ताङ्ग, ३. तेह्रथुम, ४. संखुवासभा, ५. खोटाङ्ग, ६. सोलखुम्बु, ७. अर्घाखाँची, ८. रोल्पा, ९. सल्यान, १०. कालीकोट, ११. अछाम, १२. लमजुङ्ग, १३. वैतडी, १४. दार्चुला

(घ) देहायका जिल्लामा उपभोक्ता हित संरक्षण मञ्चसँग आवद्ध उपभोक्ता हित संरक्षण मञ्चको प्रतिनिधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. भोजपुर, २. भक्तपुर, ३. नुवाकोट, ४. तनहुँ, ५. गुल्मी, ६. गोरखा, ७. रुकुम, ८. दैलेख, ९. जुम्ला, १०. हुम्ला, ११. मुगु, १२. बाजुरा, १३. डोल्पा, १४. जाजरकोट

(ङ) देहायका जिल्लामा मधेश उपभोक्ता मञ्चसँग आवद्ध मधेश उपभोक्ता मञ्चको प्रतिनिधि

१. झापा, २. मोरङ्ग, ३. सुनसरी, ४. सप्तरी, ५. सिराहा, ६. उदयपुर, ७. धनुषा, ८. महोत्तरी, ९. सर्लाही, १०. चितवन, ११. काठमाडौं, १२. बारा, १३. पर्सा, १४. रौतहट, १५. नवलपरासी, १६. रुपन्देही, १७. कपिलबस्तु, १८. बाँके, १९. बर्दिया, २०. कैलाली, २१. कञ्चनपुर

खण्ड ५३, संख्या ४९, मिति २०६०।१२।९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ५ खारेज गरिएको छ ।

## सूचना २

नेपाल सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम ५१ को उपनियम (१) बमोजिम गठित केन्द्रीय अनुगमन समितिको रिक्त सदस्यमा सोही नियमको उपनियम (२) को खण्ड (ख) बमोजिमको सदस्यमा देहायका व्यक्तिहरुलाई र खण्ड (ग) बमोजिमको सदस्यमा श्री निभा साह, मित्रपार्क, काठमाडौंलाई दुई वर्षको लागि तोकेको छ:-

| | |
|---|---|
| (क) श्री विष्णु प्रसाद पोखरेल | - प्रो पब्लिक |
| (ख) श्री शत्रुध्न प्रसाद देव | - उपभोक्ता मञ्च नेपाल |
| (ग) श्री ज्योति बानिया | - उपभोक्ता हित संरक्षण मञ्च |

**आज्ञाले,**

**पुरूषोत्तम ओझा**

**नेपाल सरकारको सचिव**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।